## नायब सुब्बा वा सो सरह (अप्राविधिक) पदको प्रथम चरणको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

**सूचना नं. ११/०८०-८१, मितिः २०८०/०४/१९**

लोक सेवा आयोग, जलेश्वर कार्यालयको **विज्ञापन नं. ११३०१-११३०७/०७९-८० (खुला तथा समावेशी), न्याय र प्रशासन** सेवाको **संयुक्त र एकीकृत परीक्षा** प्रणाली अन्तर्गत राजपत्र अनंकित प्रथम श्रेणी (अप्राविधिक), **नायब सुब्बा वा सो सरह** पदमा **विरगंज परीक्षा** केन्द्र राखी दरखास्त स्वीकृत भएका र परीक्षा केन्द्र परिवर्तन गरी विरगंज कायम गरेका उम्मेदवारहरुको निम्न मिति र समयमा निम्नानुसारको परीक्षा भवनहरुमा प्रथम चरणको लिखित परीक्षा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। **उम्मेदवारहरुले लोक सेवा आयोगको पूर्व सूचना अनुसार पुनः आवेदन (Re-Apply) गरेपछि कायम भएको रोल नम्बर समावेश भएको प्रवेशपत्र लिई परीक्षा भवनमा उपस्थित हुनुपर्ने छ।**

साथै सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारहरुले सहयोगी लेखक माग गर्नुपर्ने कारण र प्रमाणसहितका कागजात संलग्न राखी लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८(१) बमोजिम परीक्षा हुने मिति भन्दा १० (दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ। तोकिएको परीक्षा भवनमा परीक्षा शुरु हुनुभन्दा कम्तिमा १ (एक) घण्टा अगावै पुग्नु पर्नेछ। परीक्षार्थीहरूले अनिवार्य रुपमा पालना गर्नुपर्ने विषयहरु द्रष्टव्य १ मा उल्लेख गरिएको छ।

### परीक्षा कार्यक्रम

| पत्र | विषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय | अवधि |
|---|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षा (General Knowledge & General Mental Ability Test) | वस्तुगत (Objective): वहुवैकल्पिक प्रश्न (Multiple Choice Questions) | २०८०।०५।०२ गते, बिहानको ११:०० बजे | ४५ मिनेट |

### लिखित परीक्षा भवन

| क्र.सं. | उम्मेदवारहरुको रोल नं. | संख्या | परीक्षा भवन |
|---|---|---|---|
| १ | २६०००१ देखि २६०२५० सम्म | २५० | श्री त्रिजुद्ध मा.वि., विरगंज (क) केन्द्र |
| २ | २६०२५१ देखि २६०५०० सम्म | २५० | श्री त्रिजुद्ध मा.वि., विरगंज (ख) केन्द्र |
| ३ | २६०५०१ देखि २६०७०० सम्म | २०० | श्री त्रिभुवन हनुमान मा.वि., विरगंज (क) केन्द्र |
| ४ | २६०७०१ देखि २६०९०० सम्म | २०० | श्री त्रिभुवन हनुमान मा.वि., विरगंज (ख) केन्द्र |
| ५ | २६०९०१ देखि २६११०० सम्म | २०० | श्री माइस्थान विद्यापीठ मा.वि., विरगंज (क) केन्द्र |
| ६ | २६११०१ देखि २६१३५० सम्म | २५० | श्री माइस्थान विद्यापीठ मा.वि., विरगंज (ख) केन्द्र |
| ७ | २६१३५१ देखि २६१५३२ सम्म र त्यसपछि कायम हुने सबै तथा परीक्षा केन्द्र परिवर्तन गरेका सबै उम्मेदवार | १८२ र त्यसपछिका सबै उम्मेदवारहरु | श्री सुन्दरमल रामकुमार कन्या उ.मा.वि., विरगंज केन्द्र |

द्रष्टव्य १:-

१. परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन।

२. परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ।

३. विरगंज परीक्षा केन्द्र राखी दरखास्त स्वीकृत भएका र परीक्षा केन्द्र परिवर्तन गरी विरगंज कायम भएका उम्मेदवारहरु बाहेक अन्यत्र परीक्षा केन्द्रका परीक्षार्थीहरुलाई परीक्षामा सामेल गराईने छैन।

४. परीक्षा भवनमा झोला, मोवाइल फोन र अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ।

५. प्रवेशपत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेशपत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा सञ्चालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नुपर्नेछ।

६. परीक्षामा प्रवेश-पत्र सँगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र अनिवार्य रुपमा लिई आउनुपर्नेछ।

| | | |
|---|---|---|
| (मुक्त नारायण श्रेष्ठ) | (कृष्ण राज गिरी) | (चेतनाथ पोखरेल) |
| कम्प्युटर अपरेटर | नायव सुब्बा | शाखा अधिकृत |